# पुरै निदाउने बनाएर तपाईंको बच्चाको दाँतको स्याहार उपचार गर्ने बारे

## तपाईंको बच्चाको दाँतको उपचार गर्दा निदाउने बनाएर गराउनुहोस् भनि सुझाव दिईएको छ ।

उपचार सम्भव बनाउन र तपाईंको बच्चालाई सजिलो र दुखाईबाट मुक्त बनाउनलाई निन्द्रा लगाउने औषधी प्रयोग गरिन्छ । यसको अर्थ, त्यो उपचार कार्य भरी तपाईंको बच्चा निदाउछ, र प्राय एक दिन अस्पतालमा रहन्छ।

सिफारिस (रेफर) बनाउने बारेमा तपाईंलाई धेरै बिकल्पहरु छन् ।

### रेफर गरिने विभिन्न ठाँउमा रहेका सरकारी अस्पतालहरु

(वुमन एण्ड चिल्ड्रेनस् हस्पीटल, नरलुङ्गा,मोडबरी,गोलर, पोर्ट अगस्टा, वायला र रिभरल्याण्ड दुर्गम अस्पतालहरु)

> पर्खिने समय: फरक हन्छ तर कहीं १२ महिना सम्म हुनसक्छ (तपाईंको नजिकको दाँतको क्लिनिकको कर्मचारीले यसबारे जानकारी दिन्छन्)

> खर्च: यो विकल्पका लागि केहि शुल्क लाग्ने छैन (यो कुरा रेफर बनाएका बेला निधो गर्नुहोला)

### साउत अस्ट्रेलियाली (एस.ए.) दन्त सेवा उपलब्ध भएको निजी अस्पतालमा रेफर–ग्लीनेल्ग कम्युनिटी हस्पीटल

> पर्खिने समय: करिब ४ देखि ५ महिना

> खर्च: लट्याउने विषेशज्ञको शुल्क सहित जम्मा अस्पतालको शुल्क लगभग $१००० । लट्याउने विषेशज्ञको शुल्क चाहिं निदाउने बनाउने दिन भन्दा एक हप्ता अगाडीनै तिर्नु पर्छ । अस्पतालको शुल्क भने निदाउने बनाउने दिन तिर्नु पर्छ । एस.ए. दन्त सेवा द्वारा गरिएको उपचार नि:शुल्क हुन्छ ।

### निजी बच्चा दन्त विषेशज्ञकोमा रेफर बनाउने (बच्चाको दाँतको डाक्टर)

बच्चा दन्त विषेशज्ञहरुको सूची अर्को पानामा छ ।

> पर्खिने समय: विषेशज्ञसंगको भेटघाटको धेरै हप्ता पछि

> खर्च: लट्याउने विषेशज्ञको शुल्क सहित अस्पतालको खर्च लगभग $१००० - $१,२००, र यसमा थप दन्त स्याहार गरिए बापतको खर्च लाग्छ । निदाउने बनाएर दाँत उपचार गर्न जानु अगाडी नै, प्राय जसो के गरिन्छ भने तपाईंका बच्चाको उपचार योजना र लाग्ने खर्चको बारेमा छलफल गर्नलाई निजी दाँतको डाक्टर संग एउटा एपोइन्ट्मेन्ट बनाइन्छ ।

कृपया हाम्रा कर्मचारी संग कुरा गरि तपाईंलाई कुन विकल्प उचित लाग्छ भन्ने कुरा बताउनु होला ।

### तपाईंको बच्चा उपचारका लागि पर्खि रहेको बेला

तपाईंको बच्चा उपचारका लागि पर्खि रहेको बेलामा यो महत्वपूर्ण छ कि

> तपाईंको बच्चाको नजिकको स्कूल डेन्टल क्लिनिक (स्कूल दन्त उपचार केन्द्र)मा हुने ३ महिने एपोइन्ट्मेन्ट्हरुमा हाँजिर गराउनु होला ताकि हामी तपाईंका बच्चाको दाँतको स्वास्थ्य दोहोऱ्याएर जाच्न सक्नेछौं

> यदि तपाईंको बच्चालाई साह्रै दुख्यो, दाँत वरिपरि सुन्नियो वा अनुहार सुन्नियो भने क्लिनिकमा सम्पर्क गर्नुहोला

> तपाईंको सम्पर्क बिवरण (फोन नं र ठेगाना) फेरियो भने क्लिनिकमा जानकारी गराउनु होला किन भने हामीले तपाईंलाई सम्पर्क गर्न सकेनौं भने हामीले तपाईंको बच्चालाई आवश्यक परे अनुसारको स्याहार पुऱ्याउन पाँउदैनौं

> यदि तपाईंलाई कुनै थप जानकारी चाहिएमा वा केही जिज्ञासा भएमा स्कूल डेन्टल क्लिनिकमा सम्पर्क गर्नु होला ।

तपाईंको बच्चा अस्पताल जानु अघि तपाईंले एउटा एपोइन्ट्मेन्ट मिलाएर मञ्जुरी फारममा सहीगर्नु पर्ने हुन्छ ।

यो एपोइन्ट्मेन्ट तपाईं सधै जाने गरेको क्लिनिकमा नहुन सक्छ । यो एपोइन्ट्मेन्ट मिलाउनलाई तपाईंलाई चिठ्ठी द्वारा सम्पर्क गरिनेछ ।

यो एपोइन्ट्मेन्टमा तपाईंले निदाउने दवाईको प्रक्रिया बारे अझै धेरै जानकारी पाउनुहुनेछ ।

कार्यालय समय बाहिर तपाईंका केही जिज्ञासा भए, फोन नम्बर **1800 022 222** मा *healthdirect* Australia (*हेल्थडाइरेक्ट*) अस्ट्रेलियामा फोन गरि सल्लाह लिनुहोस् ।

Government of South Australia
SA Health

# बल दन्त विषेशज्ञहरु

Children's Dentistry

> Dr Jenny Branson
> Dr Sue Springbett

Shop 4, 53–59 The Parade
Norwood SA 5067
फोन 08 8362 0100

Dr Sam Gue

21 South Terrace
Adelaide SA 5000
फोन 08 8410 9600

Plympton Paediatric Dentists

> Dr Michael Malandris
> Dr Mary Apps

293 Anzac Highway
Plympton SA 5038
फोन 08 8293 8567

>Dr PJW Verco

> Dr Joe Verco

Suite 17/183 Tynte Street
North Adelaide SA 5006
फोन 08 8267 4081

The Little Happy Tooth Co

> Dr Vicki Farmer
> Dr Caroline Crowley
> Dr Andrew Bills
> Dr Angela Pierce
> Dr Wendy Cheung

70 Kensington Road
Rose Park SA 5067
फोन 08 8332 3222
www.littlehappytooth.com.au

My Child's Dentist

> Dr Margaret Evans

Suite 2/316 Wakefield Street
Adelaide SA 5000
फोन 08 8232 0222

## थप जानकारीका लागि

SA Dental Service
GPO Box 864
Adelaide SA 5001
टेलिफोन: 8222 8222
लाटा बैराको TTY: 8222 8390
www.sadental.sa.gov.au

© Department for Health and Ageing, Government of South Australia.
All rights reserved. 12627. Printed September 2013. Stock number 7189

www.ausgoal.gov.au/creative-commons

Government of South Australia
SA Health